कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
# यातायात व्यवस्था कार्यालय
विराटनगर, मोरङ

पत्र संख्याः ०८३।८४
चलानी नम्बरः

कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय यातायात व्यवस्था कार्यालय विराटनगर, मोरङ

सवारी चालक अनुमति पत्रको EDLVRS प्रणाली मार्फत आवेदन सम्बन्धी सूचना ।

**हाल प्रयोगमा रहेको EDLVRS प्रणाली (eldvrs.koshi.gov.np) मार्फत आवेदन दिने सेवाग्राहीहरूले आवेदन पेश गर्नुअघि देहाय बमोजिमका विवरणहरू भएको सुनिश्चित गर्नुहुन अनुरोध छ।**

**१. New License (नयाँ सवारी चालक अनुमतिपत्र)**

आवेदनका लागि प्रयोग गरिएको SIM आफ्नै नाममा दर्ता भएको हुनुपर्नेछ। सेवाग्राहीले प्रविष्ट गरेको मोबाइल नम्बर जुन व्यक्तिको नाममा दर्ता भएको छ, सोही व्यक्तिको नाम प्रणालीमा स्वतः प्राप्त हुने व्यवस्था रहेको छ। आवेदनमा प्रविष्ट गरिएका विवरणहरू राष्ट्रिय परिचयपत्र (NID) मा रहेको विवरणसँग पूर्ण रूपमा मिलेको हुनुपर्नेछ। आवेदनमा प्रविष्ट गरिएको विवरण र राष्ट्रिय परिचयपत्र (NID) मा रहेको विवरणवीच फरक परेमा आवेदन स्वतः रद्द हुने भएकाले आवेदन पेश गर्नुअघि विवरण सुनिश्चित गर्नुहुन अनुरोध छ ।

**२. Renewal (नवीकरण), Add Category (वर्ग थप) तथा प्रतिलिपि (Copy)**

आवेदन दिनुअघि आफ्नो सवारी चालक अनुमतिपत्र (License) मा रहेको विवरण र राष्ट्रिय परिचयपत्र (NID) मा रहेको विवरण समान भएको सुनिश्चित गर्नु होला। License मा रहेको विवरण र NID मा रहेको विवरण फरक भएमा आवेदन पेश गर्नुअघि EDLVRS प्रणालीको "License Correction (लाइसेन्स सच्याउने आवेदन)" मार्फत License मा रहेको विवरण सच्याई विवरण एकै किसिमको भएपछि मात्र आवेदन पेश गर्नुहुन अनुरोध छ। License

फोन नं. ०२१-४२२०८३, ईमेलः-tmo.morang@gmail.com

कार्यालय प्रमुख

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
# यातायात व्यवस्था कार्यालय
विराटनगर, मोरङ

पत्र संख्याः ०८३।८४
चलानी नम्बरः

तथा NID मा रहेको विवरणबीच फरक परेमा आवेदन स्वतः रद्द हुने भएकाले आवेदन पेश गर्नुअघि सबै विवरण ध्यानपूर्वक जाँच गर्नुहुन अनुरोध छ।

**३. अनलाइन आवेदन फारम सम्बन्धमा**

ई-रिक्सा (C1), पावर टिलर (D) र ट्याक्टर (E) को सवारी चालक अनुमति पत्रको अनलाइन आवेदन कार्यालयमा निःशुल्क भर्ने व्यवस्था मिलाइएको हुँदा सो सेवाको लाभ उठाउनु हुन सम्बन्धित सेवाग्राहीहरुमा अनुरोध छ ।

(प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ४५ मा कुनै पनि व्यक्तिले चालक अनुमति पत्र प्राप्त नगरी कुनै पनि किसिमको सवारी चलाउनु हुँदैन । चलाएमा दफा १५८ बमोजिम उक्त कार्य गर्ने गराउनेलाई पाँच हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।)

**४. अनधिकृत व्यक्ति तथा विचौलियाबाट सेवा नलिने सम्बन्धमा**

सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा लिन अनधिकृत व्यक्ति वा बिचौलियाको सम्पर्कमा नजानुहुन तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा लिन वा जानकारी आवश्यक परेमा सिधै यस कार्यालयको कोठा नं. १२ मा सम्पर्क गर्नुहुन सम्पूर्ण सेवाग्राहीहरूमा अनुरोध गरिन्छ।

२०८३/६/१६
.....
मनोज कार्की
कार्यालय प्रमुख

फोन नं. ०२१-४२२०८३, ईमेलः-tmo.morang@gmail.com